# सुगम ग्याँस उद्योग प्रा.लि.ले फूटरिङ्ग परिवर्तन गरेको सम्बन्धमा अध्ययन गर्न गठित छानविन टोलीको प्रतिवेदन

२०६८



उद्योग मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

# विषय -सूची


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २. | कार्यादेश | १ |
| ३. | अध्ययनको उद्देश्य | २ |
| ४. | अध्ययनको विधि | २ |
| ५. | अध्ययनको सीमा | २ |
| ६. | पत्र पत्रिकामा प्रकाशित विभिन्न समाचारहरु | २ |
| ७. | नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. सुगम ग्याँस उद्योग प्रा.लि र एक्सन ल्यूव आयल प्रा.लि. को संक्षिप्त विवरण | ३ |
| | अ) नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. सुनसरी, खनारको विवरण देहाय अनुसार छ | ३ |
| | आ) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्गको विवरण | ४ |
| | इ) एक्सन ल्यूव आयल प्रा.लि. को विवरण | ४ |
| ८. | नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., सुगम ग्याँस कम्पनी प्रा.लि. र एक्सन ल्यूव आयल प्रा.लि.को एक आपासमा सम्बन्ध | ४ |
| ९. | फूटरिङ्ग सम्बन्धमा उद्योगहरु र कम्पनीहरुबाट भए गरेका कार्यहरु | ५ |
| | (क) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्ग | ५ |
| | (ख) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्ग | ६ |
| | (ग) गृहलक्ष्मी मेटल प्रा.लि., भण्डारा, चितवन | ७ |
| | (घ) एरोटेक प्रा.लि., रामपुर टोकनी, बारा | ८ |
| | ङ) लिंक्स इन्जिनियरिङ्ग, वीरगंज | ८ |
| | च) नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि., शाखा कार्यालय, धादिङ्ग | ८ |
| | छ) नेपाल सिलिण्डर प्रा.लि., अमलेखगन्ज | ८ |
| १०. | संकलन गरी ल्याईएका नमूनाहरुको विवरण | ९ |
| ११. | राय/सिफारिस | १० |
| १२. | सुझावहरु | १३ |
| | क) तत्काल लागू गर्नु पर्ने र गर्न सक्ने सुझावहरु | १३ |
| | ख) दिर्घकालिन सुझावहरु | १५ |
| १३) | निष्कर्ष | १५ |
| | अनुसूचि | १६ |

## सुगम ग्याँस उद्योग प्रा.लि. ले फूटरिङ्ग परिवर्तन गरेको सम्बन्धमा

# छानविन प्रतिवेदन, २०६८

### १. पृष्ठभूमि :

सुनसरी जिल्ला खनार गा.वि.स., वडा नं. ६ स्थित नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. र त्यसको कम्पाउण्ड भित्र रहेको एक्सन ल्यूव आयल प्रा.लि. मा विभिन्न ग्याँस उद्योगका सिलिण्डहरु जम्मा गरी फूटरिङ्ग र भि.पि. रिङ्ग (नेकरिङ्ग) परिवर्तन गर्ने कार्य भएको र उक्त कार्य सुगम ग्याँस प्रा.लि. बाट भएको हो भनि विभिन्न संचार माध्यमबाट दैनिक जसो समाचार प्रचार प्रसार भएको । पत्रपत्रिकामा प्रकाशित समाचार तथा उक्त ग्याँस उद्योगले अन्य ग्याँस उद्योगका सिलिण्डरहरुको फूटरिङ्ग र नेकरिङ्ग परिवर्तन गरी त्यसमा आफ्नो उद्योगको नाम र लोगो प्रयोग गरी जनताको स्वास्थ्य सुरक्षा तथा प्रचलित ऐन कानून विपरीत कार्य गरेको भनी समाचार आएको सन्दर्भमा १० बटा बुँदाको कार्यदेश दिई उद्योग मन्त्रालयका सि.डि.मे.ई. श्री रमेशरत्न  स्थापितको संयोजकत्वमा १५ दिन भित्र प्रतिवेदन तयार गरी उद्योग मन्त्रालयका सचिवज्यू समक्ष पेश गर्न ५ सदस्यीय छानविन टोली मिति २०६८।०२।०८ मा गठन भएको हो ।

**छानविन टोलीको सदस्यहरु निम्नानुसार रहेका छन् :–**

श्री रमेशरत्न स्थापित, सि.डि.मे.ई., उद्योग मन्त्रालय ।
श्री गजेन्द्र कुमार पौडेल, सि.डि.के., नेपाल गुणस्तर तथा नापतौल विभाग ।
श्री रमानाथ शर्मा, उप–सचिव, घरेलु तथा सना उद्योग कार्यालय, सुनसरी ।
श्री कमल बहादुर थापा, शाखा अधिकृत, वाणिज्य विभाग ।
श्री प्रशान्त बोहरा, मे.ई., उद्योग विभाग ।

### २. कार्यादेश (TOR) :

उद्योग मन्त्रालयको मिति २०६८।०२।०८ गतेको निर्णयानुसार छानविन टोलीलाई देहाय अनुसार कार्यादेश (TOR) प्रदान गरिएको थियो :–

१) स्थलगत रुपमा ग्याँस सिलिण्डरको कारोवार गरेको ठाउँमा गई अवलोकन निरिक्षण गर्ने ।
२) पत्रपत्रिकामा आएका सूचनामा उल्लेख भए अनुसार नेपा पेट्रोलियम ट्रेड लिंक र कम्पनीले के कसो गरेको हो, कस कसको के कस्तो संलग्नता छ पत्ता लगाउने ।
३) नेपा पेट्रोलियम ट्रेड लिंक नाम गरेको संस्थाको दर्ता, कानूनी हैसियत र कार्य सम्पादन पत्ता लगाउने।
४) नेपा पेट्रोलियम ट्रेड लिंक र सुगम ग्याँस कम्पनीको सम्बन्ध र संलग्नता बारेमा यथार्त विवरण पेश गर्ने ।
५) उद्योग दर्ता प्रमाणपत्रको उद्देश्य विपरित कार्य भए नभएको अध्ययन गर्ने, उद्योग दर्ताको उद्देश्य बमोजिम कार्य भए नभएको हेर्ने ।
६) नेपाल गुणस्तर तथा नापतौल विभागको ग्याँस सिलिण्डर सम्बन्धी आचार संहिता, परिपत्रहरुको परिपालाना भए नभएको अध्ययन गर्ने ।
७) औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन, उपभोक्ता संरक्षण ऐन, पेटेण्ट, डिजाइन, ट्रेडमार्क ऐन, तथा नापतौल गुणस्तर सम्बन्धी ऐन नियमको परिपालना र वर्खिलाप भए नभएको अध्ययन गर्ने ।
८) ग्याँस सिलिण्डरको प्रेसर, हाइड्रोस्टाटिक र ग्याँस सिलिण्डरका अन्य आवश्यक परिक्षण गर्ने ।

९)	यस सम्बन्धमा जिल्लामा भएका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासँग आवश्यकताका आधारमा राय परामर्श छलफल गर्ने ।

१०)	यस सम्बन्धमा देखिएका अन्य आवश्यक तथ्यहरुको अध्ययन, अनुसन्धान गर्ने ।

## ३. अध्ययनको उद्देश्य :

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छ :

१.	घटनाको सत्यतथ्य विवरण पत्ता लगाउने ।
२.	तथ्य वा आधारमा कुन कुन कानून विपरीत कार्य भएको छ, पत्ता लगाउने ।
३.	सो सम्बन्धमा उपयुक्त सुझाव पेश गर्ने ।

## ४. अध्ययनको विधि :

माथि उल्लेखित विषयमा अध्ययन, अनुसन्धान गर्न देहायको अध्ययन विधि प्रयोग गरिएको थियो :

१.	सम्बन्धित क्षेत्रको स्थलगत अनुगमन निरीक्षण
२.	सम्बन्धित व्यक्तिहरुसँग सोधपुछ / छलफल
३.	पत्रपत्रिकामा प्रकाशित समाचारको अध्ययन
४.	सम्बन्धित उद्योग र त्यसका प्रतिनिधिसँग प्रश्नावली
५.	सम्बन्धित ऐन, नियम, मापदण्ड र परिपत्रको अध्ययन, विश्लेषण
६.	सम्बन्धित विभिन्न निकायबाट आवश्यक तथ्यांक र जानकारी संकलन

## ५. अध्ययनको सीमा :

छानवीन टोलीले उपर्युक्त विषयमा अध्ययन अनुसन्धान गर्दा देहायको सीमाहरु रहेका थिए :

१.	कार्यादेश (TOR)
२.	१५ दिन भित्र प्रतिवेदन पेश गर्न तोकिएको समय सीमा
३.	विवरण संकलन गर्न कम्प्यूटर टाइपिङ्ग लगायतका कार्य गर्न सहयोगी कर्मचारी र सवारी साधनको अपर्याप्तता ।

## ६. पत्र पत्रिकामा प्रकाशित विभिन्न समाचारहरु :

१)	नागरिक दैनिकको २३ बैशाखको अर्थ वाणिज्यमा प्रकाशित “ठूलो परिमाणको अवैद्य सिलिण्डर बरामद” अन्य कम्पनीका सिलिण्डर बजारबाट गायब गरी अवैधानिक तरिकाले आफ्नो बनाउन छेडछाड गरी जोखिमयुक्त बनाउने कार्य गरेको भनी प्रकाशित समाचार । यसरी बनाइएको जोखिमयुक्त सिलिण्डर नै सुगम ग्याँसले बजारमा आफ्नो नामबाट बिक्री बितरण गर्दै आएको थियो भनी समाचार प्रकाशित भएको ।

२)	नागरिक दैनिकको १ जेष्ठ, २०६८ मा प्रकाशित “सुगमका संचालकलाई कारवाही हुन्छ :– गृहमन्त्री” भन्ने समाचार प्रकाशित ।

३)	नागरिक दैनिकको २८ बैशाखमा “सुगम ग्याँसलाई कारवाहीमा आलटाल” भन्ने समाचार प्रकाशित ।

४)	नागरिक दैनिकको २ जेष्ठको “सुगम ग्याँसका संचालक घिमिरेलाई सधै उन्मुक्ति” भन्ने समाचार प्रकाशित ।

५) नेपाल समाचार पत्र जेष्ठ १७, २०६८ "ग्याँस कम्पनीका संचालक तथा बिक्रेता व्यवसायीले नै मुलुकभर करिव ४० लाख सिलिण्डर रहे पनि ३ लाख देखि ५ लाख सम्म फुटरिङ्ग र नेकरिंग गरिएका सिलिण्डर रहेको निर्धक्क बताउदै आएका थिए" भन्ने समाचार प्रकाशित ।

६) नागरिक, १७ जेष्ठ २०६८, "एल.पि. ग्याँस उद्योग संघको छलफलमा सुगमका संचालक शिव घिमिरेले आफ्नो प्रतिरक्षा गर्दै सबै व्यवसायीले फूटरिङ्ग र नेकरिङ्ग गरेकाले त्यहीको सिको गरेको स्पष्टोक्ति दिएका थिए । ग्याँस व्यवसायमा म भर्खरै प्रवेश गरेको हुँ । विगत देखि नै फूटरिङ्ग र नेकरिङ्ग गरेको पाएको र सुनेको थिएँ, मैले त्यही देखेर गरेको हुँ जानेर होइन" भन्ने समाचार प्रकाशित ।

७) नेपाल समाचार पत्र, १८ जेष्ठ, २०६८, "स्रोतका अनुसार दिल्लीमा तयारी हुने फूटरिङ्ग र नेकरिङ्ग नाम चल्ने ग्याँस उद्योग तथा व्यवसायीले भन्सार नाकाबाट खुलेआम राजस्व तिरेरै आयात गर्ने गरेको बर्षौ देखि फूटरिङ्ग, नेकरिङ्ग, तौल कम तथा सिलिण्डरको भार बढाउने प्रवृति हावी थियो । अर्को तर्फ नेपाल आयल निगमले सिलिण्डरको संख्याका भरमा वितरण गर्ने कोटामा ग्याँस व्यवसायी बीच मै चलखेल हुने गरको" भन्ने समाचार प्रकाशित ।

८) कान्तिपुर, २३ जेष्ठ, २०६८, "सुगम ग्याँस उद्योग प्रा.लि., नौबिसे –२, धादिङ्गद्धारा प्रकाशित सूचनामा नेपालमा वि.सं. २०२७ अर्थात करिब ४२ बर्ष अघिदेखि प्रथम ग्याँस उद्योगले सिलिण्डर भरी बजार पठाउन थालेको र हाल नेपालमा ४२ ग्याँस उद्योग संचालित रहेका, बजार करिब ४० लाख उपभोक्ता एवम् करिब ५० लाख सिलिण्डर रहेको अनुमान गरिएको छ । बजारमा सुगम ग्याँस उद्योग प्रा.लि.का आधिकारिक सिलिण्डर संख्या २९,०४२ रहेको उल्लेख छ" भन्ने सूचना प्रकाशन भएको ।

## ७) नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., सुगम ग्याँस उद्योग प्रा.लि र एक्सन ल्यूब आयल प्रा.लि. को संक्षिप्त विवरण :

**अ) नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. सुनसरी, खनारको विवरण देहाय अनुसार छ :–**

१) मिति २०५९।४।२८ मा प्रा.लि. नं. २०२०७/०५९/०६० मा दर्ता भएको ।

२) हालका शेयरवाला श्री शिव प्रसाद घिमिरे, पकली–६, सुनसरी र श्रीमती गीता घिमिरे, पकली–६, सुनसरी ।

३) पुँजी संरचना, अधिकृत पुँजी रु. ४ करोड, चुक्ता पुँजी रु. ४ करोड रहेको ।

४) कार्यालयहरु :–

- क) यस कम्पनीको रजिष्टर्ड कार्यालय : जिल्ला सुनसरी, गा.वि.स पकली, वडा नं. ६ ।
- ख) शाखा कार्यालय : जिल्ला काठमाण्डौ, का.म.न.पा., वडा नं. १४, रविभवन ।
- ग) शाखा कार्यालय : जिल्ला धादिङ्ग, गा.वि.स. नौविसे, वडा नं. २ ।

५) कम्पनीको उद्देश्यहरु :

- क) इन्धन पट्रोल, डिजल लगायतका पेट्रोकेमिकल तेस्रो मुलुकबाट आयात गरी नेपालभर बिक्री बितरण गर्ने आपूर्ति केन्द्र स्थापना गर्ने ।
- ख) आवश्यक इन्धन, मट्टीतेल, खाना पकाउने ग्याँस र लुब्रिकेण्टहरु ग्राज, मोबिल लगायतका सवारी साधनलाई आवश्यक पर्ने वस्तुहरु आपूर्ति गर्ने ।
- ग) नेपाल आयल निगमको स्विकृत लिई आपूर्ति गर्ने सबै सरसामान ग्राहकहरुलाई उपलब्ध गराउने ।

**आ) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्गको विवरण :**

१) मिति २०६५।०९।१६ मा प्रा.लि. नं. ५९०१८ मा दर्ता ।

२) हालको शेयरवाला :

क) श्री शिव प्रसाद घिमिरे, आम भञ्ज्याङ – १, मकवानपुर ।

ख) श्री सुदिप घिमिरे, पकली – ६, सुनसरी ।

ग) श्री हंसराज जैन, विराटनगर – ९, मोरङ्ग ।

घ) श्रीमती राज कुमारी जैन, विराटनगर – ९, मोरङ्ग ।

३) कार्यालयहरु :–

क) यस कम्पनीको रजिष्टर्ड कार्यालय : जिल्ला धादिङ्ग, गा.वि.स नौबिसे, वडा नं. २, खानीखोला ।

ख) शाखा कार्यालय : जिल्ला काठमाण्डौ, का.म.न.पा., वडा नं. १४, रविभवन ।

ग) शाखा कार्यालय : जिल्ला सुनसरी, गा.वि.स. भादगाउँ सुनवारी, वडा नं. ४ ।

४) कम्पनीको उद्देश्यहरु :

क) एल. पी. जी. ग्याँस आयात गरी रिफिलिङ गरी बिक्री बितरण गर्ने ।

ख) एल.पी.जी. ग्याँस सम्बन्धमा परी आउने अन्य सम्पूर्ण कार्यहरु गर्ने ।

ग) आधुनिक मेशिन तथा प्रविधि जडित उद्योग राखी एल.पी.जी. ग्याँस विदेशबाट आयात गरी विभिन्न साइजका ग्याँस सिलिण्डरहरुमा रिफिलिङ्ग गर्ने ।

घ) कम्पनीबाट उत्पादित सामानहरुको बिक्री बितरण गर्न एजेन्ट, डिट्रिब्यूटर, सब डिट्रिब्यूटर, डिलर नियुक्त गर्ने, आफै डिपो राखी बिक्री बितरण गर्ने ।

**इ) एक्सन ल्यूव आयल प्रा.लि. को विवरण :**

१) ठेगाना :– खनार – ६, सुनसरी ।

२) दर्ता नं. र मिति :– ५६/०६४/०६५ र २०६४।०६।२४ ।

३) अधिकृत पुँजी रु. १,००,००,०००।– (एक करोड) रहेको ।

४) संचालकहरुको नाम :

क) शिव प्रसाद घिमिरे　　ख) देउ बहादुर दहाल　　ग) श्याम सुन्दर अटल

घ) नरेन्द्र कुमार सोनी　　ङ) राजेन्द्र कुमार अग्रवाल　　च) मदन राज शर्मा

छ) संजय शर्मा

५) कम्पनीको उद्देश्यहरु : रिसाइकल्ड लुब्रिकेन्टस, इन्जिन आयल, गियर आयल, हाइड्रोलिक आयल, ग्रिज उत्पादन गर्ने ।

**८. नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., सुगम ग्याँस कम्पनी प्रा.लि. र एक्सन ल्यूव आयल प्रा.लि.को एक आपासमा सम्बन्ध :**

नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि., सुनसरी, खनार, सुगम ग्याँस उद्योग प्रा.लि, धादिङ्ग र एक्सन ल्यूव आयल प्रा.लि., खनार ३ वटै कम्पनीका संस्थापक र संचालकहरु मध्ये शिव प्रसाद घिमिरे पनि रहेको देखिन्छ।

सुगम ग्याँस उद्योग प्रा.लि.मा निजका छोरा सुदिप घिमिरे पनि शेयरवालाहरु मध्ये रहेको छ । नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. का अर्का शेयरधनी श्रीमती गीता घिमिरे पनि रहेका छन ।

नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि र सुगम ग्याँस उद्योग प्रा.लि. दुवैको शाखा कार्यालय, काठमाण्डौ वडा नं. १४, रविभवनमा रहेको र नेपाल पेट्रोलियम ट्रेड लिंक प्रा.लि.को शाखा कार्यालय, धादिङ्ग, नौविसे गा.वि.स. वडा नं. २ मा नै रहेकोले यी दुवै कम्पनीहरु शिव प्रसाद घिमिरे सहितको एउटै समूहबाट संचालन भैरहेको पुष्टि हुन्छ ।

## ९) फूटरिङ्ग सम्बन्धमा उद्योगहरु र कम्पनीहरुबाट भए गरेका कार्यहरु :

**(क) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्ग :**

नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., खनार, सुनसरीको कम्पाउण्ड भित्र अर्को उद्योग एक्सन ल्यूब आयल प्रा.लि. रहेको उद्योगमा विभिन्न २४ वटा उद्योगहरु (कोशी, सुविधा, गृहलक्ष्मी, प्रिमा, श्रीकृष्ण, लोकप्रिय, साहबाबा, राजधानी, साहारा, नारायणी, लुम्बिनी, भानु, एभरेष्ट, बाबा, हिमाल, नोबेल, श्री, ओम, सूर्य, सिद्धार्थ, सागर, त्रिशुल, एच.पी., मनोज) को १५,३३४ थान LPG सिलिण्डरहरु जम्मा गरिएको र ती मध्ये २३८ थानको फूटरिङ्ग काटी SUGAM GAS PVT LTD कुदिएको फूटरिङ्ग वेल्डिङ्ग गरी जोडी सकिएको देखिएको । त्यस्तै फूटरिङ्ग काटी सकिएको ७४० थान LPG सिलिण्डरमा जडान गर्न र त्यहाँ जम्मा गरिएका अरु सिलिण्डरहरुमा जडान गर्न SUGAM GAS PVT LTD कुदिएका ३,१९२ नया फूटरिङ्ग भेटि्एको ।

ग्याँस सिलिण्डरका फूटरिङ्ग काट्न छिना, ह्यामर प्रयोग भएकोले काटिएका फूटरिङ्गमा छिनाको धारका डोब नमूना ल्याएको काटिएका फूटरिङ्गमा प्रष्ट देखिन्छ । बाँकि रहेका वेल्डिङ्गका उवड खाडललाई ग्राइन्डिङ्ग ह्विलको प्रयोग द्धारा सम्म पारिएको र त्यसै स्थानमा नयाँ SUGAM GAS PVT LTD कुदिएका फूटरिङ्गहरु वेल्डिङ्ग गरिएको देखिन्छ । फूटरिङ्ग जोडन प्रयोग हुने वेल्डिङ्ग मेसिन, वेलिडङ्ग रड, वेलिडङ्ग रड क्लाम्प, फूटरिङ्ग फेर्ने गरेको गोदाममा भेटिएको ।

नेपाल गुणस्तर तथा नापतौल विभागबाट बनेको नेगुण नं. : ३६९–२०५३, LPG सिलिण्डरको स्पेसिफिकेशनको बुँदा ३.६.६ मा All Welding of the shell and attachments shall be completed before the final heat treatment र बुँदा ३.१० मा Heat Treatment – All Cylinders shall be efficiently normalized, or stress relieved in accordance with the steel maker's recommendation, after manufacture and completion of all welding (Including that of attachments) and before hydrostatic test is applied . A complete record of the heat treatment cycle shall be maintained उल्लेख भएकोले फूटरिङ्ग काटी अर्को फूटरिङ्ग वेल्डिङ्ग गरे पछि ग्याँस सिलिण्डर कमजोर भई असुरक्षित र जोखिमपूर्ण हुन्छ । यसरी कमजोर भई असुरक्षित ग्याँस सिलिण्डरबाट उपभोत्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा गभीर असर हुने स्पष्ट छ ।

Testing Date नाघेका, सिलिण्डरको आकार बिग्रिएका पुराना पुराना सिलिण्डर समेतलाई फूटरिङ्ग परिवर्तन गर्न ल्याइएका देखिँदा सिलिण्डरको मापदण्ड, गुणस्तर प्रति पटकै ध्यान नदिई उपभोक्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा खेलवाड गरेको स्पष्ट हुन आउँछ ।

नेपा पेट्रोलियम ट्रेड लिंक, खनार, सुनसरीको स्थलगत अनुगमन, निरिक्षणका क्रममा तहाँ रहेको सिलिण्डरहरुको Hydrostatics Pressure Test लगायतका परिक्षणहरु सिलिण्डर निर्माता र ग्याँस Refilling Plant को परिसरमा मात्र गरिने भएकोले उक्त स्थानमा स्थलगत परिक्षण गर्न आवश्यक नदेखिएको ।

यसरी सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्गले अन्य ग्याँस उद्योगका सिलिण्डरहरुको फूटरिङ्ग काटी आफ्नो फूटरिङ्ग वेल्डिङ्ग गरी उपभोक्ताको जिउ, ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा प्रतिकुल असर पारेको स्पष्ट हुन्छ । यस्तो कार्य उद्योग दर्ताको उद्देश्य र सामान्य सिद्धान्त विपरित भएकोले औद्योगिक व्यवसाय ऐन,

२०४९ को दफा २५ र उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली, २०५६ विपरित कार्य गरको प्रष्ट हुन्छ ।

साथै १५,३३४ थान अन्य ग्याँस उद्योगका सम्पत्ति स्वरुप रहेका सिलिण्डरहरु बजारबाट बटुली लामो समयसम्म लुकाइराखेकोले बजारमा कृतिम अभाव सृजना गर्न खोजेको र स्वच्छ प्रतिस्पर्धालाई कुण्ठित पारी आफूलाई मात्र फाइदा हुने गरी अनुचित व्यापारीक कृयाकलाप गरेको स्पष्ट हुन्छ । उक्त कार्य उपभोक्त संरक्षण ऐन, २०५४ र नियमावली, २०५६ तथा एल.पी.ग्याँस विनियमावली, २०६५ को विनियम ३१(घ), कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ विपरित कार्यहरु भएको देखिन्छ ।

नेपा पेट्रोलियम ट्रेड लिंक, खनारको कम्पाउण्ड भित्र अनधिकृत रुपमा २४ वटा विभिन्न ग्याँस भर्ने उद्योगका १५,३३४ वटा सिलिण्डरहरु जम्मा गरी राखिएको र २३८ वटामा SUGAM GAS PVT LTD कुदिएका फूटरिङ्ग फेरि सकिएको अवस्थामा भेटिएको र अन्य ७४० वटाको फूटरिङ्ग काटी सकेको र नयाँ फूटरिङ्ग ३,१९२ थान जम्मा गरी राखेकोले उपभोक्ताहरुको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा गंभिर असर पर्ने जाने भएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ तथा नियमावली, २०५६, कालो बजार तथ केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, कम्पनी ऐन, २०६३ विपरित कार्यहरु भएको देखिन्छ ।

नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि., खनारको कम्पाउण्ड भित्र रहेको एक्सन ल्यूव प्रा.लि. उद्योग भित्र अनधिकृत रुपमा विभिन्य ग्याँस भर्ने उद्योगका ग्याँस सिलिण्डरहरु जम्मा गरी राखिएको र २३८ वटामा SUGAM GAS PVT LTD कुदिएका फूटरिङ्ग फेरि सकिएको अवस्थामा भटिएको र अन्य ७४० वटाको फूटरिङ्ग काटी सकिएको र नयाँ फूटरिङ्ग ३,१९२ थान जम्मा गरी राखिएकोले उपभोक्ताहरुको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा गंभिर असर पर्ने जाने भएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ तथा नियमावली, २०५६, कालो बजार तथ केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, औद्योगिक व्यवसाय ऐन, २०४९ को विपरित कार्यहरु भएको देखिन्छ ।

**(ख) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्ग :**

यस उद्योगको स्थलगत अनुगमन निरीक्षण गर्दा फूटरिङ्गमा SUGAM GAS PVT.LTD. कुदिएका ग्याँस भरिएका सिलिण्डर थान १०५ र खाली सिलिण्डरहरुमध्ये फूटरिङ्गमा SUGAM GAS PVT. LTD. कुदिएका ७६ थान सिलिण्डरहरुमा नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., खनार, सुनसरीमा भेटिएका फूटरिङ्गसँग हुवहु मिलेकोले यस्ता सिलिण्डरहरुमा भरिएको ग्याँसको प्रयोगबाट आम उपभोक्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा जुन सुकै बखत खतरा पुग्न सक्ने देखिएकोले सुरक्षाको लागि उक्त सिलिण्डरहरु अर्को व्यवसथा नभएसम्म बिक्री नगर्न र ग्याँस फिलिङ्ग नगर्ने गरी रोक्का राखिएको छ । यस्ता फूटरिङ्ग भएका ग्याँस सिलिण्डरहरुको भि.पि. रिङ्गको स्ट्रिप प्लेटमा सिलिण्डर उत्पादक गृहलक्ष्मी मेटल प्रा.लि. को नाम उल्लेख भएको देखिन्छ ।

नेपाल आयल निगम लिमिटेडको एल.पि. ग्याँस विनियमावली, २०६५ (संशोधन सहित) को विनियम १६ मा ग्याँस सिलिण्डरको पिंध (Foot-ring) र घाँटी (Neck-ring) काटी जोडेको साथै कुच्चिएको वा रिपेयरिङ्ग गरेको सिलिण्डरमा पनि ग्याँस भर्न नहुने उल्लेख छ । विनियमावलीको विनियम १२ मा उपभोक्ताले प्रयोग गर्ने ग्याँस सिलिण्डरको गुणस्तर सम्बन्धी सम्पूर्ण दायित्व सम्बन्धित उद्योगको हुनेछ भन्ने प्रष्ट उल्लेख छ । तसर्थ सुगम ग्याँस प्रा.लि.ले सो विनियमावलीको समेत विपरित हुने कार्य गरेको देखिन्छ ।

नेपाल सरकार उद्योग मन्त्रालयको मिति २०६७।०२।०३ को मन्त्रिस्तरीय निर्णयानुसार एल.पि. ग्याँस उद्योगहरुले ३ महिना भित्र सिलिण्डरहरुको Hydrostatic Test गर्ने सुविधा आफ्नै उद्योगमा अनिवार्य रुपमा जडान गर्ने भनी मिति २०६७।०२।१५ गतेको गोरखापत्रमा सूचना प्रकाशित भएकोमा यस उद्योगमा हाँलसम्म पनि Hydrostatic Testing Facilities जडान नभएको देखियो एवम् IEE प्रतिवेदनको List of Plant & Machineries मा उल्लेख भए बमोजिम Compact Valve Testing Unit राखिएको नपाइएकोले IEE मा उल्लेख भए बमोजिम प्रयाप्त सुरक्षात्मक उपाय नभएको तथा उद्योग दर्ता प्रमाणपत्रमा उद्योगले पालना गर्नु पर्ने शर्तहरुमा सम्बन्धित निकायले तोकेका शर्तहरु र कार्यविधि समेत अनिवार्य रुपमा पालना गर्नु पर्ने भए बमोजिम यस उद्योगबाट नेपाल आयल निगम लिमिटेडको एल.पि. ग्याँस विनियमावली, २०६५ (संशोधन सहित) को विनियम १६ (घ) र (ङ) पालना नभएकोले औद्योगिक व्यवसाय ऐन, २०४९ को उलंघन गरी संचालन गरेको स्पष्ट हुन्छ ।

सुगम ग्याँसका LP GAS Refill गरी बिक्री वितरण गरिने सिलिण्डरमा प्रयोग भई रहेका ट्रेडमार्क र उद्योग विभागमा दर्ता भएको ट्रेडमार्क मेल खाएको देखिएन् । स्वीकृत ट्रेडमार्क गोलो रातो घेराभित्र अर्को गोलो सेतो घेरा त्यसभित्र रातो पृष्ठभूमिमा सेतो Cylinder को चित्रमा रातो S अक्षर र उक्त रातो S अक्षर भित्र सेतो रंग देखिन्छ भने उद्योगले Cylinder मा प्रयोग गरिरहेको ट्रेडमार्कमा गोलो सेतो घेराभित्र अर्को गालो रातो घेरा त्यस भित्र सेतो पृष्ठमभूमिमा रातो Cylinder को चित्रमा सेतो S अक्षर देखिन्छ । उक्त सेतो S अक्षर भित्र कुनैमा पुरै सेतो र कुनैमा रातो रंग देखिन्छ । कुनैमा Cylinder को चित्र समेत स्वीकृत Trade Mark मा उल्लेख भए बमोजिम देखिदैन । साथै स्वीकृत Trade Mark मा उल्लेख भएको SUGAM GAS शब्द कुनैमा सो बमोजिमको दुई लाइनमा र कुनैमा SUGAM GAS भनि एकै लाइनमा उल्लेख भएको देखिन्छ । यस्तो कार्य पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ विपरित ट्रेकमार्क प्रयोग भएको स्पष्ट देखिन्छ ।

**(ग) गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि., भण्डारा, चितवन :**

एल.पि.ग्याँस सिलिण्डर उत्पादक गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि., भण्डारा, चितवनको निरिक्षण गर्दा नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., खनार, सुनसरीमा र सोही कम्पाउण्डमा रहेको एक्सन ल्युव आयल प्रा.लि. नामक उद्योग रहेको स्थानमा रहेको अन्य ग्याँस उद्योगको २३८ थान सिलिण्डरमा जोडिएका र ३,१९२ थान नजोडिएका SUGAM GAS PVT LTD कुदिएका नयाँ फूटरिङ्गहरुको अक्षर र अन्य भौतिक नाप नक्सा LP Gas सिलिण्डर उत्पादक गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि., भण्डारा, चितवनमा उत्पादन हुने गरेको फूटरिङ्गहरुमा रहेको अक्षरहरु र अन्य भौतिक नाप नक्सासँग हुबहु मिलेको पाइयो । उल्लेखित दुवै उद्योगमा भेटिएका फूटरिङ्गहरु एक आपसमा मिलेको कारण नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि., खनारको कम्पाउण्ड भित्र रहेको एक्सन ल्यूव आयाल प्रा.लि.मा भेटिएको फूटरिङ्गहरु गृहलक्ष्मी मेटल प्रा.लि., भण्डारा, चितवनमा उत्पादन भएको पुष्टि हुन्छ ।

गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि.बाट उत्पादित फुटरिङ्ग सुनसरी खनार स्थित नेपा पेट्रेलियम ट्रेड लिंक प्रा.लि.मा भेटिएको फुटरिङ्गसँग हुवहु मिलेको पाइएकोले गृहलक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि.बाट उत्पादित फुटरिङ्ग उद्योगको उद्देश्य विपरीत प्रयोग भएको हुँदा औद्योगिक व्यवसाय ऐन, २०४९ विपरित भएको देखिन्छ ।

यसरी सिलिण्डरका फूटरिङ्ग काटी अर्को फूटरिङ्ग जोडदा ग्याँस सिलिण्डरको गुणस्तरमा ह्रास आउने भएकाले उपभोत्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिको क्षति पुग्ने देखिएकाले यस्तो कार्य उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली, २०५६ विपरित भएको प्रष्ट हुन्छ ।

**(घ) एरोटेक प्रा.लि., रामपुर टोकनी, बारा :**

ग्याँस सिलिण्डर उत्पादन गर्ने एरोटेक प्रा.लि., रामपुर टोकनी, बारामा उत्पादन हुने सबै सिलिण्डरहरुलाई आवश्यक पर्ने फूटरिङ्गहरु र भल्व प्रोटेकशन रिङ्गहरु (नेक रिङ्ग) अर्को उद्योग लिंक्स इन्जिनियरिङ्ग वीरगंजबाट खरिद गर्ने गरेको पाइयो । अनिर्वाय नेगुण नं.: ३६९–२०५३ (एल.पी.जी. सिलिण्डरको स्पेशिफिकेशन) प्रयोग गर्न इजाजत प्राप्त एरोटेक प्रा.लि. ले सात बर्षदेखि फूटरिङ्ग र भल्व प्रोटेकशन रिङ्ग बाहिरबाट खरिद गरी सिलिण्डर उत्पादन गरिरहेको पाइयो । उक्त एरोटेक प्रा.लि.ले पुरा सिलिण्डर उत्पादनको लागि आवश्यक सबै सामान त्यही उद्योगमा बनाउनु पर्ने उद्योगको उद्देश्य भएतापनि फूटरिङ्गतथा भल्व प्रोटेकशन रिङ्ग अन्यत्रबाट खरिद गरी Assemble गर्ने उद्योगको रुपमा संचालन गरेकोले औद्योगिक व्यवसाय ऐन, २०४९ वर्खिलाप भएको देखिन्छ ।

**ङ) लिंक्स इन्जिनियरिङ्ग, वीरगंज :**

घरेलु तथा साना उद्योग कार्यालय, पर्सामा दर्ता रहेको उद्योगको उद्देश्य फूटरिङ्ग र भि.पि. रिङ्ग मात्र उत्पादन गर्ने रहेको देखिन्छ । यसरी फूटरिङ्ग र भि.पि. रिङ्ग मात्र उत्पादन गरी एरोटेक प्रा.लि.लाई मात्र बिक्री वितरण गर्ने गरेको जानकारी दिए पनि अन्य कसैलाई पनि फूटरिङ्ग र भि.पि. रिङ्ग बिक्री वितरण हुन सक्ने देखिन्छ । सो उद्योगमा विभिन्न ग्याँस उद्योगका फूटरिङ्ग र भि.पि.रिङ्ग ठुलो मात्रामा बनाई स्टक राखिएको भेटियो ।

**च) नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि., शाखा कार्यालय, धादिङ्ग :**

नेपा पेट्रोलियम शाखा कार्यालय रहेको नौविसे गा.वि.स. वडा नं. २ धादिङ्गमा कम्पनीले २५–२५ हजारका ठूला दुई टैंकी खुल्ला चौरमा राखेको र त्यसमा जलेको मोबिल, फर्नेस आयल राख्ने गरेको देखियो । टैंकी भएको ठाउमा कालो पेट्रोलियम पदार्थ पोखिएको र सो पानीसँग मिसिएर छिमेकीको खेतबारी सम्म बग्ने गरेको गुनासो समेत प्राप्त भयो । यसरी कम्पाउण्ड नलगाइएको तथा पेट्रोलियम पदार्थ जस्तो प्रज्जवनशिल पदार्थ राख्ने स्थानमा अन्य कुनै पनि सुरक्षाका उपाय नअपनाएको देखियो । यस्तो कार्य एल.पी. ग्याँस विनियमावली, २०६५ वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ विपरित रहेको देखिन्छ ।

**छ) नेपाल सिलिण्डर प्रा.लि., अमलेखगन्ज :**

नेपाल सिलिण्डर प्रा.लि., अमलेखगन्जमा बाबा ग्याँसको ट्रेडमार्क र लोगो लगाइएको सिलिण्डरमा STC कुदिएको फूटरिङ्ग जोडिएको र भि.पि. रिङ्गको तीनवटा स्ट्रिप प्लेट मध्ये एउटा काटी सो ठाउमा STC कुदिएको अर्को स्ट्रिप प्लेट जोडेको पाइयो ।

SAHARA GAS को ट्रेडमार्क र लोगो लगाइएको सिलिण्डरमा STC कुदिएको फूटरिङ्ग जोडिएको र भि.पि. रिङ्गको तीनवटा स्ट्रिप प्लेट मध्ये एउटा काटी सो ठाउमा STC कुदिएको अर्को स्ट्रिप प्लेट जोडेको पाइयो । उक्त सिलिण्डरहरु प्रमाण स्वरुप टोलीले नियन्त्रणमा लिएको छ ।

यसरी बाबा र सहारा ग्याँस सिलिण्डरमा उक्त सिलिण्डरका फूटरिङ्ग र पि.भि.रिङ्ग काटी STC को फूटरिङ्ग र भि.पि. रिङ्गमा स्ट्रिप प्लेट जोडेको र उक्त कार्य उद्योगको उद्देश्य विपरित भएकोले औद्योगिक व्यवसाय ऐन, २०४९ विपरित भएको देखिन्छ ।

एक पटक बनिसकेको सिलिण्डरमा शुरुको फूटरिङ्ग र भि.पि. रिङ्ग स्ट्रिप प्लेट काटेर अर्को पुनः वेल्डिङ्ग गरी जोडेको सिलिण्डरको गुणस्तरमा ह्रास आई कमजोर हुने भएकोले उपभोक्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा जुनसुकै बखत क्षति पुग्न सक्ने देखिएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली, २०५६, अनिवार्य ने.गु.ण. ३६९–२०५३ विपरित भएकोले नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० को नियम १६ को विपरित भएको देखिन्छ ।

## १०) संकलन गरी ल्याईएका नमूनाहरुको विवरण :

निरीक्षण गरिएका ५ वटा उद्योगबाट मुचुल्का गरी ल्याइएका निम्नानुसारको नमूनाहरु यसै प्रतिवेदन साथ पेश गरिएको छ ।

१) नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि.को कम्पाउण्ड भित्र रहेको एक्सन ल्यूव आयाल प्रा.लि.बाट ल्याइएका नमूनाहरु :

- SUGAM GAS PVT LTD कुदिएको नयाँ फूटरिङ्ग –थान १
- SAHARA GAS कुदिएको पुरानो फूटरिङ्ग –थान १
- BABA GAS कुदिएको पुरानो फूटरिङ्ग –थान १
- Tailin ब्राण्डका ग्राइडिङ्ग ह्विल नयाँ –थान १
- Tailin ग्राइडिङ्ग ह्विल प्रयोग भएको –थान १
- वेल्डिङ्ग रड –थान २

२) सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्गबाट ल्याइएका नमूनाहरु :

- SUGAM GAS PVT LTD कुदिएको फूटरिङ्ग भएको ग्याँस भरिएको सिलिण्डर –थान १
- SUGAM GAS PVT LTD कुदिएको फूटरिङ्ग भएको खाली सिलिण्डर –थान १
- SUGAM GAS कुदिएको फूटरिङ्ग भएको खाली सिलिण्डर –थान १

३) गृहलक्ष्मी मेटल इन्डष्ट्रिज प्रा.लि., भण्डारा २, चितवनबाट ल्याइएका नमूनाहरु :

- केही अक्षर बिग्रिएको SUGAM GAS PVT LTD कुदिएको पुरानो फूटरिङ्ग डाईपंन्च –थान १
- SUGAM GAS PVT LTD कुदिएको फूटरिङ्ग –थान १
- SUGAM GAS PVT LTD कुद्न लगाइ ल्याइएको फूटरिङ्ग पाता –थान १
- SUGAM GAS PVT LTD कुद्न लगाएको फूटरिङ्ग पाता –थान १
- SUGAM GAS मात्र कुद्न लगाइ ल्याइएको फूटरिङ्ग पाता –थान १

- सि.नं. 96820 रिजेक्टेड डमी सिलिण्डर –थान १

४) लिंक्स इन्जिनियरिङ्ग , पर्सावाट ल्याईएका नमुनाहरु :

- SUGAM GAS कुदिएको फूटरिङ्ग –थान २
- SWASTIK GAS कुदिएको फूटरिङ्ग –थान १

५) नेपाल सिलिण्डर प्रा.लि. बाट ल्याइएका नमूनाहरु :

- BABA ग्याँसको सि.नं. 44152 सिलिण्डरमा STC कुदिएको फूटरिङ्ग र नेकरिङ्ग जोडिएको सिलिण्डर –थान १
- SAHARA ग्याँसको सि.नं. 47004 सिलिण्डरमा STC कुदिएको फूटरिङ्ग र नेकरिङ्ग जोडिएको सिलिण्डर –थान १

## ११. राय/सिफारिस :

१. नेपा पेट्रोलियम ट्रेड लिंक तथा सुगम ग्यास प्रा.लि. ले अन्य ग्यास कम्पनीका १५३३४ थान सिलिण्डरहरु जम्मा गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने नियतले राखेको कार्यबाट कृत्रिम अभाव खडा गरी माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पर्ने किसिमको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ७ को खण्ड (ख) बमोजिमको कार्य गरेकोले सोही ऐनको दफा १८ को खण्ड (क) बमोजिम सजायका लागि प्रकृया अगाडी बढाउन वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागलाई लेखि पठाउनु पर्ने देखिन्छ ।

२. नेपा पेट्रोलियम ट्रेड लिंक तथा सुगम ग्यास प्रा.लि. ले अन्य विभिन्न ग्यास कम्पनीका सिलिण्डरहरु जम्मा गरी उक्त सिलिण्डरका फुटरिङ्ग काटी अर्को फुटरिङ्ग जोडी सुगम ग्यासको लोगो र नाम समेत पेण्ट गरी उक्त सिलिण्डरमा एल.पि.ग्यास भर्ने र विक्री वितरण गर्ने जस्ता कार्यले एल.पि.ग्यास जस्तो अति प्रज्ज्वलनशिल पदार्थ राख्ने सिलिण्डरको फुटरिङ्ग फेर्दा सिलिण्डरको गुणस्तरमा ह्रास आउने भई सिलिण्डर कमजोर हुन पुग्दछ । यस्ता गुणस्तरहिन सिलिण्डरको प्रयोगबाट कुनै पनि बखत दुर्घटना घटी आम उपभोक्ताको जीउ, ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा गम्भीर असर पुग्ने भई निजले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १० को खण्ड (ङ) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा १८ को खण्ड (ङ) (१) बमोजिम सजायको प्रकृया अगाडी बढाउन वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागलाई लेखि पठाउनु पर्ने देखिन्छ ।साथै उक्त प्रा लि हरुले पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क ऐन २०२२ विपरीत कार्य गरेको देखिएकोले उक्त ऐनअनुसार कार्यवाही गर्न उद्योग विभागमा लेखिपठाउनुपर्ने देखिन्छ ।

३. उल्लेखित कम्पनीहरुले विभिन्न ग्याँस कम्पनीका सिलिण्डर जम्मा गरी बजारमा कृत्रिम अभाव हुने कार्य गरेको तथा कमसल माललाई असल माल हो भनी वा माल वस्तुको स्तर घट्ने कार्य गरी सो कुरा नवताई विक्री वितरण गर्ने कसुर गरेको सम्बन्धमा कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ५ र ६ बमोजिम कारवाही अगाडि बढाउन नेपाल सरकार, गृह मन्त्रालयमा लेखि पठाउनु पर्ने देखिन्छ ।

४. उल्लेखित कम्पनीहरुले जोखिमयुक्त तरिकाबाट अवैध ग्यासको कारोबार समेत गरेको र उक्त अवैध कार्यले उपभोक्ताको जिउज्यानमा समेत खतरा पुग्ने देखिएको, अन्य ग्यास कम्पनीका सम्पत्ति स्वरुप रहेका ठूलो परिमाणका सिलिण्डरहरु गैर कानूनी तरीकाबाट जम्मा पारी लुकाईछिपाई अरुको सम्पत्तिलाई रंगरोगनलगाई मेटी नाम, ट्रेडमार्क आदि परिवर्तनगरी आफ्नो बनाउने कार्य भएको देखिएको । नेपाल सरकार उद्योग मन्त्रालयको मिति २०६७०२।०३ को मन्त्रिस्तरीय निर्णयानुसार

एल.पि. ग्याँस उद्योगहरुले ३ महिना भित्र सिलिण्डरहरुको Hydrostatic Test गर्ने सुविधा आफ्नै उद्योगमा अनिवार्य रुपमा जडान गर्ने भनी मिति २०६७।०२।१५ गतेको गोरखापत्रमा सूचना प्रकाशित भएकोमा यस उद्योगमा हालसम्म पनि Hydrostatic Testing Facilities जडान नभएको देखियो एवम् IEE प्रतिवेदनको List of Plant & Machineries मा उल्लेख भए बमोजिम Compact Valve Testing Unit राखिएको नपाइएकोले IEE मा उल्लेख भए बमोजिम प्रयाप्त सुरक्षात्मक उपाय नभएको तथा उद्योग दर्ता प्रमाणपत्रमा उद्योगले पालना गर्नु पर्ने शर्तहरुमा सम्बन्धित निकायले तोकेका शर्तहरु र कार्यविधि समेत अनिवार्य रुपमा पालना गर्नु पर्ने भए बमोजिम यस उद्योगबाट नेपाल आयल निगम लिमिटेडको एल.पि. ग्याँस विनियमावली, २०६५ (संशोधन सहित) को विनियम १६ (घ) र (ङ) पालना नभएकोले उक्त उद्योगले उद्देश्य र सामान्य सिद्धान्त विपरितको कार्य भए गरेको देखिएकाले यस्ता उद्योगको कानूनी मान्यता कायम राखि राख्न कानूनन् उपयूक्त नहुने हुँदा "सुगम ग्यास उद्योग प्रा.लि." नौबिसे २ धादिङ्गलाई औद्योगिक ब्यवसाय ऐन, २०४९ (शंसोधन सहितको) दफा २५ को उपदफा (१) (ख) बमोजिम उद्योग विभागद्वारा उक्त उद्योगको दर्ता खारेज गर्ने प्रक्रिया अगाडी बढाउनु पर्ने देखिन्छ ।

सुगम ग्याँसका LP GAS Refill गरी बिक्री वितरण गरिने सिलिण्डरमा प्रयोग भई रहेका ट्रेडमार्क र उद्योग विभागमा दर्ता भएको ट्रेडमार्क मेल खाएको देखिएन् । स्वीकृत ट्रेडमार्क गोलो रातो घेराभित्र अर्को गोलो सेतो घेरा त्यसभित्र रातो पृष्ठभूमिमा सेतो Cylinder को चित्रमा रातो S अक्षर र उक्त रातो S अक्षर भित्र सेतो रंग देखिन्छ भने उद्योगले Cylinder मा प्रयोग गरिरहेको ट्रेडमार्कमा गोलो सेतो घेराभित्र अर्को गालो रातो घेरा त्यस भित्र सेतो पृष्ठमभूमिमा रातो Cylinder को चित्रमा सेतो S अक्षर देखिन्छ । उक्त सेतो S अक्षर भित्र कुनैमा पुरै सेतो र कुनैमा रातो रंग देखिन्छ । कुनैमा Cylinder को चित्र समेत स्वीकृत Trade Mark मा उल्लेख भए बमोजिम देखिदैन । साथै स्वीकृत Trade Mark मा उल्लेख भएको SUGAM GAS शब्द कुनैमा सो बमोजिमको दुई लाइनमा र कुनैमा SUGAM GAS भनि एकै लाइनमा उल्लेख भएको देखिन्छ । यस्तो कार्य पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ विपरित ट्रेकमार्क प्रयोग भएको स्पष्ट देखिन्छ ।

५. गृह लक्ष्मी मेटल इण्डष्ट्रिज प्रा.लि.बाट उत्पादित फुटरिङ्ग सुनसरी खनार स्थित नेपा पेट्रेलियम ट्रेड लिंक प्रा.लि.मा भेटिएको फुटरिङ्गसँग हुवहु मिलेको पाइएकोले गृहलक्ष्मी मेटल वर्क्स इण्डष्ट्रिज प्रा.लि.बाट उत्पादित फुटरिङ्ग उद्योगको उद्देश्य विपरीत प्रयोग भएको सम्बन्धमा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कारवाही अगाडि बढाउन उद्योग विभागमा लेखि पठाउनु पर्ने देखिन्छ ।

६. एरोटेक प्रा.लि., रामपुर टोकनी, बाराको उद्देश्यमा ग्याँस सिलिण्डर उत्पादन गर्ने रहेको छ । उद्योगको स्थलगत निरिक्षणको क्रममा उद्योग परिसरमा ग्याँस सिलिण्डर उत्पादन भैरहेको तर ग्याँस सिलिण्डर जस्तो संवेदनशिल वस्तुमा प्रयोग हुने फूटरिङ्ग र भि.पि.रिङ्ग भने अर्को उद्योग लिंक्स इन्जिनियरिङ्गबाट ल्याई आफूले उत्पादन गरेको सिलिण्डरमा जडान गर्ने गरेको पाइयो । तसर्थ एरोटेक प्रा.लि.लाई फूटरिङ्ग तथा नेकरिङ्ग आफ्नै सिलिण्डर निर्माण गर्ने उद्देश्यको उद्योग परिसरमै यथाशिघ्र स्थापना गर्ने निर्देशन दिने र त्यसको अभिलेख समेत अध्यावधिक राख्न उक्त उद्योगलाई निर्देशन दिन उद्योग विभागलाई लेखि पठाउने । उक्त एरोटेक प्रा.लि.ले पुरा सिलिण्डर उत्पादनको लागि आवश्यक सबै सामान त्यही उद्योगमा बनाउनु पर्ने उद्योगको उद्देश्य भएतापनि फूटरिङ्ग तथा भल्व प्रोटेक्शन रिङ्ग अन्यत्रबाट खरिद गरी Assemble गर्ने उद्योगको रुपमा संचालन गरेकोले औद्योगिक व्यवसाय ऐन,

२०४९ को दफा २५ अनुसार कारवाही अगाडी बढाउन उद्योग विभागलाई लेखि पठाउनु पर्ने देखिन्छ ।

त्यस्तै नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर प्रमाण चिन्ह लिदा पेश गर्नु पर्ने क्वालिटी मेनुअल अनुसार फूटरिङ्ग र भल्व प्रोटेकशन रिङ्गको क्वालिटीमा विश्वसनियता नभएकोले नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० को दफा १६ को विपरित भएको देखिन्छ । सो सम्वन्धमा उक्त नियमावली अनुसार कार्वाहीको लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा लेखी पठाउनु पर्ने देखिन्छ ।

७ नेपाल सिलिण्डर उद्योग प्रा.लि., अमलेखगंजले बाबा र सहारा ग्याँस सिलिण्डरको फूटरिङ्ग र भि.पि.रिङ्ग काटी STC को फूटरिङ्ग र भि.पि. रिङ्गमा स्ट्रिप प्लेट जोडेकोले उक्त कार्य उद्योगको उद्देश्य विपरित भएकोले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसार कारवाही अगाडी बढाउन उद्योग विभागलाई लेखि पठाउनु पर्ने देखिन्छ ।

नेपाल सिलिण्डर उद्योग प्रा.लि., अमलेखगंजले एक पटक बनिसकेको सिलिण्डरमा शुरुको फूटरिङ्ग र भि.पि. रिङ्ग स्ट्रिप प्लेट काटेर अर्को पुनः वेल्डिङ्ग गरी जोडेको सिलिण्डरको गुणस्तरमा ह्रास आई कमजोर हुने भएको हुँदा उपभोक्ताको जिउ ज्यान, स्वास्थ्य, सुरक्षा र सम्पत्तिमा जुनसुकै बखत क्षति पुग्न सक्ने भएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १० को खण्ड (ङ) बमोजिमको कार्य गरेकोले सोही ऐनको दफा १८ को खण्ड (ङ) (१) बमोजिमको कारवाही अगाडी बढाउन वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा लेखि पठाउनु पर्ने देखिन्छ । उक्त कार्य अनिवार्य नेगुण नं. : ३६९–२०५३ अनुरुप नभएकोले नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० को दफा १६ को विपरित भएको देखिन्छ । सो सम्वन्धमा उक्त नियमावली अनुसार कार्वाहीको लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा लेखी पठाउनु पर्ने देखिन्छ ।

८ नेपाल सिलिण्डर उद्योग प्रा.लि., अमलेखगंजबाट STC को लागि तयार गर्दै रहेका यस्ता जोखिमपूर्ण सिलिण्डरहरु खरीद नगर्न साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत लेखी पठाउनु पर्ने देखिन्छ ।

९ लिंक्स इन्जिनियरिङ्ग नामक उद्योग फूटरिङ्ग तथा भि.पि.रिङ्ग उत्पादन गर्ने उद्देश्य राखी घरेलु तथा साना उद्योग कार्यालय, पर्सा जिल्लामा दर्ता भएको पाइयो । ग्याँस सिलिण्डर जस्तो अति संवेदनशिल वस्तुमा हुने पार्टपूर्जा फूटरिङ्ग, भि.पि.रिङ्ग बनाउने उद्योगबाट यस्तो पार्टपूर्जाहरुको जुन सुकै बखत दुरुपयोग हुन सक्ने देखिएकाले यस प्रकारका उद्देश्य राखी दर्ता भएको यस उद्योगको दर्ता खारेज गर्न घरेलु तथा साना उद्योग विभागलाई लेखी पठाउने । यस्ता पार्टपूर्जा सिलिण्डर निर्माता बाहेक कसैले पनि उत्पादन गर्न नपाउने व्यवस्था गर्न अत्यन्त जरुरी देखिन्छ तथा यस्ता वस्तुको आयातमा समेत प्रतिबन्ध लगाउन आवश्यक भएकोले सो सम्बन्धमा निम्नानुसार व्यवस्था गर्नु पर्ने देखिन्छ :

क) उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग तथा समिति र मातहतका कार्यालयलाई यस्तो वस्तु उत्पादन गर्ने उद्योग दर्ता नगर्न तत्काल निर्देशन दिने ।

ख) उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग तथा समिति र मातहतका कार्यालयबाट यस्ता

उद्योग के कति दर्ता तथा संचालन भएका छन ? सोको विवरण सम्बन्धित विभागमा पेश गर्न निर्देशन दिने । उक्त विवरण उपलब्ध भए पछि सम्बन्धित विभागले त्यस किसिमका उद्योग खारेज गर्ने सम्बन्धमा आवश्यक प्रकृया अगाडी बढाउने ।

१० मिति २०६७।०९।१३ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट सुगम ग्याँस उद्योग प्रा.लि.को सुनसरी भा.सी. गा.वि.स. वडा नं. ४ मा शाखा कार्यालय खोल्ने गरी प्रवन्धपत्रमा संशोधन गरिएको देखिन्छ । उद्योगको शाखा उद्योग विभागमा दर्ता भएको देखिएन् । तर आयल निगमबाट LP Gas Bottling Plant को शाखा स्थापना गर्न मिति २०६७।११।०६ मा अनुमति प्रदान गरिसकेको देखिन्छ । यस विषयमा नेपाल आयल निगमसँग थप जानकारी लिनका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरी पठाउने ।

११ नेपाल आयल निगमबाट प्राप्त जानकारी अनुसार सुगम ग्याँस प्रा.लि.को सिलिण्डर संख्या २९,०४२ रहेको र उक्त ग्याँस कम्पनीलाई २८८ मेट्रिक टनको प्रोडक्ट डेलिभरी अर्डर (PDO) जारी भएको देखिन्छ । तद्नुसार उक्त ग्याँस कम्पनीका ७० प्रतिशत सिलिण्डरहरु प्रत्येक महिना ग्याँस भर्ती गर्न बोटलिङ्ग प्लाण्टमा फिर्ता हुनु पर्ने हुन्छ । जसलाई विश्वास गर्ने आधार देखिंदैन । तसर्थ उक्त जारी कोटा मौजुदा सिलिण्डर संख्याको आधारमा बढी भएको देखिन्छ । यस बारेको यथार्थता के हो ? अन्य ग्याँस कम्पनीहरुलाई कुन आधारमा PDO जारी गरिएको छ ? यसै अनुपातमा अन्य कम्पनीहरुलाई पनि PDO जारी गर्ने व्यवस्था छ वा अन्य केही आधार निर्धारित गरिएको छ ? वाणिज्य तथा आपूर्ति मन्त्रलायबाट सोको जानकारी दिई सिलिण्डर संख्या समेतको आधारमा PDO जारी गराउने व्यवस्था हुनु पर्ने ।

१२ श्री सर्वोच्च अदालतको वि.सं. २०६३ माघ १४ गतेको फैसलाबाट एल.पि.ग्याँस सिलिण्डरको आचार संहिता नेगुण : ३७६ निष्क्रिय प्रायः भएको बुझिन आएको । सो आचार संहितामा रहेका प्रावधानहरु एल.पि.ग्याँसको सुरक्षित कारोवार गर्न अत्यावश्यक देखिएको हुनाले ती प्रावधानहरुलाई प्रभावकारी तवरले लागु गराउने तर्फको व्यवस्था मिलाउन आवश्यक पर्ने गुणस्तरहरुको तर्जुमा गर्न नेपाल गुणस्तर तथा नापतौल विभागलाई निर्दिष्ट गर्ने ।

## <u>१२) सुझावहरु :</u>

### <u>क) तत्काल लागू गर्नु पर्ने र गर्न सक्िने सुझावहरु</u>

१) एल.पी. ग्याँस सिलिण्डर उद्योगहरुले उत्पादन गर्ने सिलिण्डरलाई आवश्यक पर्ने फूटरिङ्ग र भि.पि. रिङ्ग (नेकरिङ्ग) त्यही उद्योगमा उत्पादन गर्नु पर्ने ।

२) ग्याँस सिलिण्डर उद्योगहरुले बनाउने फूटरिङ्ग र भि.पि. रिङ्ग अरु कसैलाई कुनै किसिमले आपूर्ति गर्न नहुने र ग्याँस सिलिण्डर उद्योगहरुले बनाउने फूटरिङ्ग र भि.पि. रिङ्ग उद्योग कम्पाउण्ड भित्र नै सुरक्षित राख्नु पर्ने ।

३) ग्याँस भर्ने उद्योगहरुबाट सिलिण्डर बनाउन अर्डर नआइकन फूटरिङ्ग र भि.पि.रिङ्ग मात्र बनाएर स्टक राख्न नपाउने ।

४) नेपाल गुणस्तर तथा नापतौल विभाग तथा अन्तर्गतका कार्यालयहरु उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग तथा कार्यालयबाट उद्योग अनुगमन गर्दा फूटरिङ्ग र भि.पि.रिङ्ग र अन्य पार्टपूर्जाको उत्पादन तथा आपूर्ति बारे पनि अनुगमन गर्नु पर्ने ।

५) फूटरिङ्ग र भि.पि.रिङ्ग मात्र बनाउने गरी कुनै उद्योग स्थापना गर्न नदिन उद्योग विभाग र घरेलु तथा साना उद्योग विभाग मार्फत पचहत्तरै जिल्लामा परिपत्र जारी गर्नु पर्ने ।

६) फूटरिङ्ग र भि.पि.रिङ्ग मात्र बनाउने गरी दर्ता भई संचालनमा रहेका उद्योग बन्द गर्न प्रक्रिया चलाउने तथा फूटरिङ्ग र भि.पि.रिङ्ग आयात गर्न नदिन अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

७) नेपाल गुणस्तर तथा नापतौल विभाग मार्फत ग्याँस सिलिण्डर उत्पादन गर्ने उद्योगहरुले ग्याँस भर्ने उद्योगहरुलाई बिक्री गरिसकेका र हरेक पटक (Lot) बिक्री गरे पछि त्यस्ता सिलिण्डरहरुको विवरण नेपाल गुणस्तर तथा नापतौल विभाग, उद्योग दर्ता गर्ने निकाय, नेपाल आयल निगममा दिने व्यवस्था गर्ने र त्यसको सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत अनिवार्य रुपमा प्रकाशित गर्नु पर्ने व्यवस्था गर्ने ।

८) नेपाल आयल निगम मार्फत ग्याँस भर्ने उद्योगहरुले प्रयोगमा रहेका आ–आफ्ना सिलिण्डरहरु र खरिद गर्ना साथ नयाँ सिलिण्डरका विवरण ग्याँस भर्न अगावै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गर्न अनिवार्य गर्ने ।

९) फूटरिङ्ग र नेकरिङ्ग परिवर्तन गर्ने जस्तो गैरकानूनी कार्यबाट सिलिण्डरको गुणस्तरमा ह्रास आएको र यसरी गुणस्तरहीन सिलिण्डरहरु समय समयमा बिष्फोटन भै जिउज्यानको क्षति समेत भैरहेको र यस्ता समस्याहरु आईनैरहने हुनाले सोको नियन्त्रण र व्यवस्थापन गर्न सिलिण्डर निर्माता कम्पनीले सिलिण्डरको Bung मा ग्याँस भर्ने उद्योगको नाम र सिलिण्डरको सिरियल नम्बर कुदने व्यवस्था अनिवार्य हुन पर्ने देखिन्छ । साथै हालसम्म संचालनमा आएका ग्यास कम्पनीहरुले आफ्नो कम्पनीमा के कति सिलिण्डरहरु प्रयोगमा आईरहेकाछन् सिरियल नम्बर सहितको बिबरण उद्योग दर्ता गर्ने निकाय, गुणस्तर तथा नापतौल विभाग, नेपाल आयल निगममा अनिवार्य रुपमा पठाउनु पर्ने र उद्योग दर्ता गर्ने निकायबाट समेतउद्योग दर्ता गर्दा यस किसिमको शर्त अनिवार्य तोक्ने र दर्ता भैसकेका उद्योगहरुलाई समेत उपरोक्त अनुसार गर्न गराउनु उद्योग विभाग र घरेलु तथा साना उद्योग विभागलाई निर्देशन दिनु पर्ने देखिन्छ ।

१०) ग्याँस भर्ने उद्योगहरुले आफ्ना सिलिण्डरहरुको विवरण पत्रिकामा प्रकाशित गरेको प्रमाण समेतको आधारमा नेपाल आयल निगमबाट (Product Delivery Order) जारी गर्नु पर्ने व्यवस्था गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाउनु पर्ने देखिन्छ ।

११) ग्याँस उद्योगलाई उपलब्ध गराईएको कोटामा थप गर्नु परेमा मापदण्डका आधारमा मात्र थप गर्न व्यवस्था गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाउनु पर्ने देखिन्छ ।

१२) ग्याँस भर्ने उद्योगहरुले आफ्ना डिस्ट्रिब्यूटर, डिलर, बिक्रेताका नाम, ठेगाना र फोन नं. राष्ट्रिय पत्रिकामा अनिवार्य प्रकाशित गर्ने व्यवस्था गर्न नेपाल आयल निगमलाई वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत र नेपाल गुणस्तर तथा नापतौल विभागलाई लेखी पठाउनु पर्ने देखिन्छ ।

१३) ग्याँस भर्ने उद्योगहरुले कुनै सिलिण्डर मर्मत गर्न गराउन नपाउने व्यवस्था गर्न नेपाल आयल निगम मार्फत अनिवार्य गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाउनु पर्ने देखिन्छ ।

१४) ग्याँस भर्ने उद्योगहरुले प्रयोगमा ल्याउन नहुने सिलिण्डर मुचुल्का उठाई नष्ट गर्नुपर्ने ।

१५) ती सिलिण्डरका विवरण र हालसम्म नष्ट गरिसकेका सिलिण्डरहरुको विवरण राष्ट्रिय पत्रिका प्रकाशित गर्न अनिवार्य गर्ने ।

१६) एल.पि. ग्याँस नियमन गर्न छुट्टै कानून नभएकोले हाल विनियमावली र आचार संहितामा भएका प्रावधानबाट नियमन गर्ने प्रयास भैरहेको देखिन्छ । एल.पि. ग्याँस जस्तो अतिप्रज्वलनशिल र संवेदनशिल बिषयलाई नियमन गर्न यस्ता प्रावधान प्रयाप्त नहुने हुँदा एल.पि. ग्याँस नियमन र व्यवस्थापन गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट छुट्टै कानून बनाउनु पर्ने देखिन्छ ।

**ख) दिर्घकालिन सुझावहरु**

१) ग्याँस भर्ने उद्योगहरुले ने.गु.ण. ३६९–२०५३ अनुसार Radiography गर्ने उपकरण राख्नु पर्ने बारे अध्ययन गर्न लगाउने ।

२) ग्याँस सिलिण्डरको प्रेसर पार्ट (सिलिण्डरको गोलो भाग) मा नै ग्याँस सिलिण्डर उद्योग र ग्याँस भर्ने उद्योगको नामहरु कुदन लगाउन सकिने सम्भावना बारे अध्ययन गराउने ।

३) ग्याँस सिलिण्डरको आयुबारे अध्ययन गर्न लगाउने ।

## १३) निष्कर्ष :

छानविन टोलीले नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि., सुनसरी, सुगम ग्याँस प्रा.लि. धादिङ्ग लगायत विभिन्न स्थानमा रहेका LP Gas सिलिण्डर उत्पादक उद्योगहरुमा गई स्थलगत अनुगमन निरीक्षण गरी हेर्दा सुगम ग्याँस प्रा.लि., नेपा पेट्रोलियम ट्रेड लिंक प्रा.लि. तथा एक्सन ल्यूव आयल प्रा.लि.बाट अनियमित भएको पाइयो । उक्त प्रा.लि.हरुले विभिन्न ऐन, कानूनमा रहेका फरक फरक प्रकृतिका कसुर गरेकाले उक्त ऐन, कानून अनुसार कारवाही अगाडी बढाउन सिफारिस गरिएको छ । छानविन टोलीको उद्देश्य हाल भैसकेका कसुरमा सजाय दिलाउन सत्य तथ्य पत्ता लगाई सुझाव दिने र भविष्यमा यी र यस्ता प्रकारका कसुरहरु हुन नदिन अपनाउनु पर्ने व्यवस्था र नीतिका सम्बन्धमा समेत सुझाव प्रस्तुत गर्नु भएकोले तत्काल गर्नु पर्ने र दिर्घकालिन रुपमा गर्नु पर्ने भनी छुट्टाछुट्टै सुझाव प्रस्तुत गरिएको छ । कुनै पनि कुरा रोक्नु छ भने सबै भन्दा पहिले त्यसको स्रोत वा मुहानबाट नै नियन्त्रण शुरु गर्नु पर्दछ  भन्ने मान्यतालाई अँगिंकार गरी छानविन टोलीले LP Gas सिलिण्डर उत्पादन गर्ने नेपालका तीनवटै उद्योगहरु  र फूटरिङ्ग तथा नेकरिङ्ग मात्र उत्पादन गर्ने एउटा उद्योगको स्थलगत अनुगमन निरीक्षण गरेको थियो । उक्त उद्योगहरुमा धेरै कमी कमजोरीहरु प्रस्तुत प्रतिवेदनमा समेटिएको छ । ग्याँस सिलिण्डर निर्माताहरु र ग्याँस भर्ने उद्योगहरुबाट व्यापक रुपमा भैरहेको जोखिमपूर्ण गलत क्रियाकलापका तथ्यहरु अवगत हुन आएको आधारमा यस्ता प्रवृति र क्रियाकलापहरु निरुत्साहित र नियन्त्रण गर्न सबै पक्षको निरन्तर प्रयास र दृढ प्रतिवद्धताको आवश्यक देखिएको छ । टोलीबाट प्रस्तुत सुझावहरु कार्यान्वयन हुन सकेमा LP Gas नियमन कार्यमा यो प्रतिवेदन कोशे ढुङ्गा सावित हुन सक्दछ भन्ने कुरामा आशा गर्न सकिन्छ ।

# अनुसूचि

१)	सुगम ग्याँस उद्योग प्रा.लि. को उद्योग दर्ता प्रमाणपत्रको छायाँप्रति ।
२)	सुगम ग्याँस उद्योग प्रा.लि. को उद्योग दर्ता विवरणको छायाँप्रति ।
३)	सुगम ग्याँस उद्योग प्रा.लि. को कम्पनी दर्ताको प्रमाणपत्रको छायाँप्रति ।
४)	सुगम ग्याँस उद्योग प्रा.लि. को स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको छायाँप्रति ।
५)	सुगम ग्याँस उद्योग प्रा.लि. को ट्रेडमार्क दर्ता प्रमाणपत्रको छायाँप्रति ।
६)	सुगम ग्याँस उद्योग प्रा.लि. को एल.पि.ग्याँसको कोटा थप सम्बन्धको नेपाल आयल निगमबाट दिइएको पत्रको छायाँप्रति ।
७)	सुगम ग्याँस उद्योगलाई एल.पि. ग्याँस बोटलिङ्ग प्लाण्टको शाखा स्थापनार्थ नेपाल आयल निगमबाट दिइएको अनुमति पत्रको छायाँप्रति ।
८)	सुगम ग्याँस उद्योग प्रा.लि. बारे कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त विवरण्को छायाँप्रति ।
९)	सुगम ग्याँस उद्योग प्रा.लि. को शाखा कार्यालयहरु स्थापनार्थ प्रवन्धपत्रको दफा २ मा गरिएको संशोधनको छायाँप्रति ।
१०)	नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि. बारे कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त विवरणको छायाँप्रति ।
११)	नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि. को प्रवन्धपत्र तथा नियमावलीको दफा तथा नियममा गरिएको संशोधन ।
१२)	एक्सन ल्यूव आयल प्रा.लि. बारेको घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीबाट प्राप्त विवरण ।
१३)	लिंक्स इन्जिनियरिङ्ग, वीरगंजको अस्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छायाँप्रति ।
१४)	एल.पि.ग्याँस बोटलिङ्ग प्लाण्टहरुलाई त्यहाँको सिलिण्डरहरु बंगमा स्टाम्प गर्न दिइएको दुई अक्षरको युनिक कोड बारे ने.गु. त.ना. विभागबाट प्राप्त विवरण (पाना २) ।
१५)	नेपा पेट्रोलियम ट्रेड लिंक्स, खनारको स्थलगत अनुगमन निरीक्षणका क्रममा उठाइएको मुचुल्का २ सेट  (पाना ५) ।
१६)	नेपा पेट्रोलियम ट्रेड लिंक्सका कर्मचारी समक्ष राखिएको प्रश्नावली (पाना १) ।
१७)	सुगम ग्याँस उद्योग प्रा.लि., धादिङ्गको स्थलगत अनुगमन निरीक्षणका क्रममा उठाइएको मुचुल्का (पाना ४) ।
१८)	गृहलक्ष्मी मेटल इ. प्रा.लि., भण्डारा, चितवनको स्थलगत अनुगमन निरीक्षणका क्रममा उठाइएको मुचुल्का (पाना १) ।
१९)	गृहलक्ष्मी मेटल इ. प्रा.लि. का प्रवन्धक समक्ष राखिएको प्रश्नावली र उत्तर (पाना ३) ।
२०)	लिंक्स इन्जिनियरिङ्ग, वीरगंजको स्थलगत अनुगमन निरीक्षणका क्रममा उठाइएको मुचुल्का (पाना १) ।
२१)	लिंक्स इन्जिनियरिङ्गको एरोटेक प्रा.लि.लाई फूटरिङ्ग चलान (पाना २) ।
२२)	नेपाल सिलिण्डर प्रा.लि., अमलेखगंज, बाराको स्थलगत अनुगमन निरीक्षणका क्रममा उठाइएको मुचुल्का (पाना १) ।
२३)	एरोटेक प्रा.लि.का प्रवन्धक समक्ष राखिएको प्रश्नावली (पाना ३) ।

| | | | | |
|---|---|---|---|---|
| रमेश रत्न स्थापित | गजेन्द्र कुमार पौड्याल | रमानार्थ शर्मा | कमल बहादुर थापा | प्रशान्त बोहरा |
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य |
| सि.डि.मे.ई. | सि.डि.के. | उप–सचिव, | शाखा अधिकृत, | मे.ई. |
| उद्योग मन्त्रालय | ने.गु.त.ना.विभाग | घ.त.सा.उ.का., सुनसरी | वाणिज्य विभाग | उद्योग विभाग |